मापदण्ड नबनाउँदा धनगढीमा उत्पादित 'बायोमिथेन ग्यास' खेर जाँदै

दीपक ओली/राजधानी
धनगढी, ६ पुस

कैलालीको धनगढी उपमहानगरपालिका क्षेत्रमा संकलन हुने कुहिने फोहोरबाट 'बायोमिथेन ग्यास' उत्पादन गर्न थालिएको २ वर्ष पूरा भयो । २०८० मंसिरबाट फोहोरबाट ग्यास उत्पादन गर्न थालिएको हो ।

उपमहानगरपालिकाबाट फोहोरमैला व्यवस्थापनको ठेक्का पाएको देव तालिम केन्द्रले वडा नम्बर २ मा स्थापना गरिएको फोहोरमैला प्रशोधन केन्द्रमा कुहिने फोहोरबाट ग्यास उत्पादन गर्न सुरु गरेको हो ।

प्रशोधन केन्द्रलाई ५० प्रतिशत क्षमतामा चलाएर जैविक मलका साथै बायोमिथेन ग्यास उत्पादन सुरु गरिएको भए पनि व्यावसायिक प्रयोगमा ल्याउन नसक्दा बायोमिथेन ग्यास वातावरणमा छोड्नुपरेको छ। जसका कारण वडा नम्बर २ का स्थानीयले दुर्गन्धको सामना गर्नुपरेको भन्दै गुनासो गर्दै आएका छन् ।

केन्द्रका सञ्चालक रविनकान्त पन्तले उत्पादित ग्यास र मल बिक्री वितरण गर्न समस्या भएको बताए। बायोग्यास प्लान्टबाट उत्पादित ग्यास व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गर्न मापदण्ड नहुँदा व्यावसायिक उत्पादन गर्न समस्या भएको बताएका छन् ।

प्रशोधन केन्द्रबाट नगरपालिका क्षेत्रमा दैनिक जम्मा हुने कुहिने फोहोरका साथै कुखुराको सुली, गोबर, चिनी मिलमा जम्मा हुने फोहोरमैलाजस्ता पदार्थ प्रयोग गरेर बायोमिथेन ग्यास उत्पादन गर्न थालिएको पन्तले बताए ।

'प्रशोधन केन्द्र पूर्ण क्षमतामा सञ्चालन भएमा दैनिक सय सिलिन्डर ग्यास, ३ हजार ५ सय किलो जैविक मल र १ हजार ५ सय किलो झोल मल उत्पादन हुन्छ,' उनले भने, 'पर्यावरणीय प्रदूषण लगभग शून्य हुने यो ग्याँसले बढ्दै गएको कार्बन उत्सर्जनको समस्यालाई घटाउन भूमिका खेल्छ, तर प्रदेश सरकारले उत्पादित ग्यास व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गर्न र प्रयोग गर्न मापदण्ड नबनाउँदा समस्या भएको छ ।'

पाइपलाइनको प्रयोग गरेर दैनिक ७-८ सय घरपरिवारमा ग्यासबाट खाना पकाउन सकिने र सिलिन्डरमा ग्यास भरेर औद्योगिक प्रयोगमा ल्याउन सकिने बायोग्यास प्लान्टका सञ्चालक पन्तले बताए। खाना पकाउन प्रयोग भइरहेको एलपी ग्यासको मूल्यको तुलनामा यस ग्यासको मूल्य सुपथ रहने उनले बताएका छन् ।

धनगढी-२ फोहोरमैला प्रशोधन केन्द्रमा सञ्चालनमा ल्याइएको बायोग्यास प्लान्टलाई उपमहानगरपालिका कार्यालयले फोहोर उपलब्ध गराउने गरेको छ । प्रशोधन केन्द्रले यस ग्यासलाई पेट्रोलबाट चल्ने टेम्पुलगायतका गाडीमा प्रयोग गर्न मिल्ने कम्प्रेसन नेचुरल ग्यास सीएनजी बनाउनका लागि आवश्यक तयारी पनि गरिरहेको छ ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, धनगढी उपमहानगरपालिका र देव तालिम केन्द्रको संयुक्त पहलमा फोहोरमैलाबाट ग्यास उत्पादन गर्न बायोग्यास प्लान्ट निर्माण गरिएको हो ।

उपमहानगरपालिकाले ग्यास प्लान्टका लागि जग्गासमेत उपलब्ध गराएको छ ।

देव तालिम केन्द्रले २० वर्षका लागि फोहोरको व्यवस्थापन गर्न ठेक्का पाएको छ। बायोग्यास प्लान्टले दैनिक १२ देखि १५ टन फोहोर व्यवस्थापन गर्न सहज बनाएको छ । तर, प्लान्टबाट उत्पादित बायोमिथेन ग्यासको व्यावसायिक बिक्री वितरणका लागि प्रदेश सरकारले आवश्यक मापदण्ड नबनाउँदा धनगढी-२ मा रहेको बायोग्यास प्लान्टबाट उत्पादित बायोमिथेन ग्यास खेर गइरहेको छ ।

प्रदेश सरकारले सवारीसाधनमा सीएनजीको रूपमा उत्पादित ग्यास प्रयोग गर्न सकिने मापदण्ड निर्माण नगर्दा राज्यको लगानी खेर गइरहेको छ ।

बायोमिथेन ग्यासलाई सीएनजीका रूपमा सवारीसाधन चलाउन प्रयोग गर्न सकिने भए पनि मापदण्डको अभावमा त्यसो गर्न समस्या भएको सञ्चालक पन्तले बताए । उनले यस विषयमा उपमहानगरमा समेत कुरा राखेको र प्रदेश सरकारका मुख्यमन्त्रीसँग कुराकानी भएको उनले बताएका छन् ।

मुख्यमन्त्री कमलबहादुर शाह मापदण्ड बनाउन सकारात्मक भए पनि अहिलेसम्म मापदण्ड नबनेको उनले बताए ।

प्रदेश सरकारले वैकल्पिक ऊर्जाबाट सवारीसाधन सञ्चालनका लागि नियमावली बनाइसकेको पन्तले बताए । ग्यासको व्यावसायिक उत्पादनमा सहजता ल्याउन मापदण्ड बन्नुपर्ने उनले बताएका छन् ।

प्रदेश सरकारले मापदण्ड बनाएपछि मात्रै ग्यासको व्यावसायिक प्रयोग गर्न सकिने भए पनि प्रदेश सरकारले मापदण्ड बनाउन ध्यान दिएको छैन । जसका कारण बायोग्यास प्लान्टबाट उत्सर्जन हुने ग्यासको गन्धका कारण घरमा बस्न नसकिने अवस्था बनेको धनगढी-२ का स्थानीय पुष्पराज जोशीले बताए ।

उनले सम्बन्धित निकायमा गएर पटकपटक गुनासो गर्दा पनि सुनुवाइ नभएको बताएका छन् । '२ वर्षदेखि हामी धनगढी-२ मा बस्नेहरूले ग्यासको गन्ध सहनुपरेको छ, राति घरमा सुत्न नसकिने अवस्था बनेको छ,' उनले भने, 'वातावरणमा ग्यास छोड्दा निकै हैरानी खेप्नुपरेको छ, हामीले पटक-पटक गुनासो गर्दा पनि कुनै सुनुवाइ भएको छैन ।'

मापदण्ड निर्माण गरेर बायोग्यास प्लान्टबाट उत्पादित बायोमिथेन ग्यासलाई सीएनजीका रूपमा प्रयोग गर्न प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले मापदण्ड बनाउनुपर्छ ।

कुवेतमा रोजगारी

COMPANY: BARQ ALKUWAIT CO. FOR DELIVERY OF CONSUMER ORDERS

Pre Approval Date: 2025/12/21 Chalani No. : 60249275 LOT No. 335781 City: Kuwait

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	कामदारको न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1.	LIGHT DRIVERS	10	0	सम्बन्धित काममा दक्ष	140	६५,०८६/-	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता मिति २०८२/०९/१४ (29 Dec. 2025) मेनपावरको कार्यालयमा हुनेछ ।

स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने ,नहुने र डिभिडर कसले व्यहोर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैंले	बीम हुने डिभिडम रोजगारदाताले दिने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. ५४९/- कामदार आफैंले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैंले	रु. १५००/- कामदार आफैंले	९०००

वैदेशिक रोजगार विभागबाट गरराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफ्नाले मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामका विदेश जाडा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Govt. License No. 793/065/66

निलकमल ह्युमन रिसोर्स प्रा.लि.
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं, नेपाल, फोन नं. ०१-५९१६७१३, ५९१६७१४
मो. नं. 9818394474, 9823614160, Email: info@neelkamalnepal.com, Web: neelkamalnepal.com

BRANCH
Chitwan - 056598203
Birtamode - 023591044
Rautahat - 9840708582
Nepalgunj - 9823986857

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०७ गते

यस ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयबाट मिति २०८२/०५/०४ गते "राजधानी" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुंदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीको लागी छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम	कबोल अंक (मु.अ.कर र PS बाहेक)
१	MOEIWS/ MP/NCB/ Works/01/082/083	Drilling and Installation of (100 mm) PVC Deep Tubewell- 9 nos at Various School	एस.आर.एस.के. कन्स्ट्रक्सन एन्ड सोलुसन प्रा.लि., कानेपोखरी-३, मोरङ	रु ४६,०४,७०२.००

Rajgadh Rural Municipality
Office of Rural Municipal Executive
Nargho, Saptari

Invitation For Only Electronic Bids

Date of publication : 2082.09.06 (22thDec 2025)

The Rajgadh Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding/Sealed Procedures. Eligible bidders may obtain further information and inspect the bidding Documents by visiting PPMO website www.bolpatra.gov.np

S. N.	Name Of The project	Contract ID No.	Estimated Amount NRs. (Exclusive of VAT and PS)	Bid Security Amount NRs.	Bid Price NRs.	Last Date Of Submission
1.	Construction of aduro Bitumen Pavement work from Saymabhunathath Road section to Dhati Tole Belhi.	RGRM/WORK/ NCB/2082-83/01	8347622.11	250,000	NRs.3000	21thJan2026 12:00 PM
2.	Construction work of adhuro janta adharbhut bidhyalaya bhawan nirman	RGRM/WORK/ NCB/2082-83/02	1673430.71	50000	NRs.1000	6thJan2026 12:00 PM
3.	Construction work of adhuro ma bi belahai chapena istarunnati kaarya	RGRM/WORK/ NCB/2082-83/03	1657512.36	50000	NRs.1000	6thJan2026 12:00 PM

साउदी अरेबियामा रोजगारी

1. CELINE HOME CONTRACTING COMPANY
Pre Approval Date: 2025/12/21 Chalani No. 60249312 LOT No. 335670 City: RIYADH

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	Housekeeping labour in Hotel	14	0	1000	३८,२२४/-	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

1. COMPANY VERA COMMERCIAL
Pre Approval Date: 2025/11/19 Chalani No. 60247585 LOT No. 333906 City: Hail City

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	FOOD & BEVERAGE AGENT	3	0	1200	४५,८६५/-	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

1. IBRAHIM SALEH AL-SAQR'S IRON AND ALUMINUM WORKSHOP
Pre Approval Date: 2025/12/21 Chalani No. 60249301 LOT No. 335672 City: RIYADH

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	WORKSHOP WORKER	1	0	1000	३८,२२४/-	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

1. ISHRAQA TRADING COMPANY
Pre Approval Date: 2025/12/21 Chalani No. 60249311 LOT No. 335671 City: RIYADH

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	Car Driver	1	0	1500	५७,३३६/-	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

1. MAQAMAT AL KHALEEJ FUEL COMPANY
Pre Approval Date: 2025/11/19 Chalani No. 60247586 LOT No. 333905 City: RIYADH

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	Gas Station Labour	3	0	1200	४५,८६५/-	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

1. RUQAYA ABDULAZIZ AL MANSOUR BLOCK FACTORY
Pre Approval Date: 2025/12/21 Chalani No. 60249313 LOT No. 335609 City: RIYADH

सि. नं.	कामदारको पद	माग संख्या पुरूष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	HEAVY TRUCK DRIVER	4	0	1800	६८,८०३/-	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता मितिः २०८२/०९/१४ गते (29 Dec, 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने ,नहुने र डिभिडर कसले व्यहोर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाताले व्यहोर्ने	कामदार आफैंले	बीम हुने डिभिडम रोजगारदाताले दिने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. ५४९/- कामदार आफैंले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदार आफैंले	रु. १५००/- कामदार आफैंले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गरराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफ्नाले मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामका विदेश जाडा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

KAPEEL MANPOWER PVT. LTD.
Kupondole, Lalitpur, Nepal | G.P.O. Box: 8975 E.P.C No. 2154,
Tel: 01-5551901, 01-5180220, 9851324457, 9808872424, Fax: 977-1-5542407
Email: kapeelmanpowerpvtltd@gmail.com, Web: www.kapeelmanpower.com
Govt. Lic. No : 185/057/058

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, कान्तिपथ शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल पौष महिना ०५ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल भदौ महिना ०३ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सार्वजनिक सूचना** तथा **मिति २०८२ साल कात्तिक महिना ११ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखित सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. २५६९०७/०७७/०७८ कायम भई मिति २०७७/११/१२ मा दर्ता भएको काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०६, डाँडापौवा स्थित **त्रिशक्ती निर्माण सप्लायर्स प्रा. लि.** ।
	व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१.	मान बहादुर श्रेष्ठको नाती, नर बहादुर श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, खानिखोला गा.वि.स./न.पा. वडा नं. ०६ बस्ने **सिता राम श्रेष्ठ** ।
२.	थान्द्रा प्रसाद तिवारीको छोरी, गणेश बहादुर महतको श्रीमती, सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स./उ.म.न.पा. वडा नं. ०१ बस्ने **गोमा देवी महत** ।
३.	सानो कान्छा श्रेष्ठको छोरी, सिता राम श्रेष्ठको श्रीमती, धादिङ जिल्ला, नौबिसे गा.वि.स./न.पा. वडा नं. ०६ बस्ने **राधिका श्रेष्ठ** ।
	धितो सुरक्षणको विवरण :
१.	**सिता राम श्रेष्ठ**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, नौबिसे गा.वि.स./न.पा. वडा नं. ६ स्थित नक्सा सिट नं. ६क को कित्ता नं. १४१४, १४१७ र ५९९ को क्रमशः ०-७-३-२, ०-११-१-२ र ०-४-३-२ (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय कान्तिपथमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल पौष महिना १३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :
मिति : २०८२ साल पौष महिना १६ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com